Received Date: Oct. 2023 Revised: Nov. 2023 Accepted: Dec. 2023

# पनौती विकासका सम्भावना

**रवीन्द्र रिजाल**
अनुसन्धानकर्ता तथा केन्द्रीय सदस्य, नेपाल इतिहास संघ
Email: rabindrarijal6843@gmail.com
*Doi: https://doi.org/10.3126/hisan.v9i1.64120*

## सारसंक्षेप

*भूत पाठशाला हो, वर्तमान गोरेटो हो, भविष्य गन्तव्य हो । पनौती पाठशाला, गोरेटो र गन्तव्य तीनओटै हो अर्थात ज्ञानराशीहरूको पुञ्ज हो, दिग्दर्शन हो । ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक तथा धार्मिक, प्राकृतिक सम्पदा र बनावटले धनी अश्मपुर पनौती क्षेत्र नेपालको महत्वपूर्ण पर्यटकीय स्थाल पनि हो । पैतिस हजार वर्ष अगाडिदेखि नै मानवजातीले प्रत्यक्ष थाकथलो बनाइसकेको पनौती क्षेत्रलाई मुख्यतः शिक्षा र पर्यटनको माध्यमद्वारा आमूल परिवर्तन गर्न सकिन्छ । "**आमूल परविर्तनको शुत्र ज्ञान नै हो मुल मन्त्र**" भन्ने बिचारलाई आत्मसात गरेर विकासको महासागर भेट्न सकिन्छ । १२ वडामा विभक्त पनौती बागमति प्रदेशअन्तर्गत काभ्रेपलाञ्चोक जिल्लाको विकासको प्रसस्त सम्भाबना बोकेको नगरपालिका हो ।*

*नागवंश, किरावंशको अप्रत्यक्ष डोव यस क्षेत्रमा भेटिन्छ भने लिच्छविहरूको प्रत्यक्ष शासन सञ्चालनका प्रमाणहरू प्रशस्त पाइन्छन् । मल्लहरूको ढुकुराज्य हुँदै वि.सं.१८२० साल कार्तिक १० गते पृथ्वीनारायण शाहको विजयबाट पनौती क्षेत्र शाहहरूको अधिनस्थ हुन पुग्यो । महासत्वको पिता महारथ, भृकुटी, महामन्त्री जयसिंहरामवर्धन, श्रीपतिआराध्य शर्मा, जनक प्रसाद हुमागाईं, नरबहादुर भारती लगायतको अथक प्रयत्नबाट सिर्जित यस भूमिमा इन्द्रेश्वर, भालेश्वर, धनेश्वर तीनवटा ज्योर्तिलिङ्गहरू छन् । पाञ्चाल देशको रूपमा चिनिने यस स्थानमा नेपालकै एक मात्र द्रौपदाको मन्दिर छ । शचीतिर्थ, त्रिवेणीघाट, गोरखनाथ, लड्केश्वर, फड्केश्वर, कूर्पासी, खोपासी रेशमखेती, कुशादेवी, ब्रम्हायणी, काठकुमारी गणेश, भद्रकाली, लायकु, भिमसेन, संकटा, सानो फुल्चोकी, कपालकोट, रानीकोट, सल्मिटार, सुन्थान, इँटे, मल्पी, चौकोट, कँलाती भूमीडाँडा, पवित्र नदी रोषी, लिलावती, पुण्यवती, शैलेन्द्री, लड्कु , रसियन सहयोगमा निर्मित नेपालको तेस्रो पनौती जलविद्युत् केन्द्र, शारदादेवी स्थान, काले साहुको पाटी, देउती बजै, भगवान डाँडा (जेलाधैँ), च्यालाचिटी, ज्ञान विकास सामुदायिक पुस्तकालय, शीत भण्डार केन्द्र, आई.टि.पार्क, आदिले सौन्दर्यतामा थप सौन्दर्यता थपेका छन् । रोषीमा पाइने असला माछाबाट परिचित यस भूमिमा रामायण, महाभारतकालिन प्रसंग र स्थानहरू छन् ।*

**मुख्य शब्दावली** : आमूल परविर्तन, अधिनस्थ, महासत्व, सर्वाङ्गिण र पर्यटकीय गन्तव्य ।

## परिचय

७६.३१% साक्षरता भएको पनौती क्षेत्र ब्राम्हण, क्षेत्री, तामाङ, नेवार, पहरी, सन्यासी, दुनुवार, मिजार, परियार, मगर आदि जातीय बनावटबाट अग्रसर छ । शिक्षा, खेलकुद, कृषि, सहकारी, सामुदायिक वनमा अब्बल श्रेणी प्राप्त गर्नुका साथै भौगोलिक र जातिय बनावटका कारण यस भूमिले अध्ययन अनुसन्धानकर्ताको मन जित्न सफल समेत भएको छ । वर्षेनी सयौं पर्यटकहरू आउने, घुम्ने र यहिंको होमस्टेमा बस्ने कार्यले थप विकासको माग गरेको देखिन्छ । बागमती सभ्यता भित्र नदी सभ्यताको रूपमा विकास भएको पवित्र भूमी पनौतीको सर्वाङ्गिण विकासमा टेवा पुगोस् भन्ने सचेत प्रयत्नका साथ यो आलेख तयार गरिएको हो ।

वर्तमान समयमा एकवटा सहरी वडा र ११ वटा ग्रामिण वडहरूमा विभक्त पनौतीको इतिहास, संस्कृति, धर्म, प्राकृतिक सम्पदा, मूर्त अमूर्त सम्पदा, हिटी प्रणाली, डवली, रैथाने ज्ञान, कला, सिप र प्रविधि

समेट्दै आधुनिक शिक्षामा स्थानीय पाठ्यपुस्तकबाट पठनपाठन गराई मौलिक ज्ञान दर्शाउन सके शिक्षामा फरकपना आउन सक्दछ । यस कार्यले पनौतीका बालबालिका पनौती मैत्री, पहिचान मैत्री हुन सक्दछन् । सभ्यता र स्रोतको जानकारी पश्चात मात्रै एक व्यक्ति सवल सक्षम र दक्ष बन्न सक्दछ । त्यसको श्रोत ज्ञान नै हो । पन्तिया अभिलेख नामक पुस्तकअनुसार लिच्छविकालमा नै स्वशासनको अधिकार यस क्षेत्रले प्राप्त गरिसकेको थियो । पनौतीको लिखित इतिहास पुरानो छ । प्राचीन ग्रन्थ हिमवत्खण्ड अनुसार पनौती एउटै ढुङ्गा माथिको शहर हो । राजा दिर्घरथल फुल्चोकीबाट ल्याएको भनी परिचित नदी लिलावती र सुखश्रवा नदीको संगममा गन्धर्वतीर्थ जहाँ सतीदेवीको भाल पतन भइ भालेश्वर उत्पन्न भएको थियो ।

गन्धर्वतीर्थ गालव ऋषिको तपोभूमी हो । धनेश्वर महादेव रहनु भएको रोद्र पर्वत भृगु ऋषिका साथै कर्ण र पशुरामको तपोभूमी हो भने पनौतीको मुटुमा रहेको गन्धमाला पर्वतको फेदी शचीतिर्थमा इन्द्रेश्वर महादेव हुनुहुन्छ, यस घाटमा इन्द्रकी पत्नी शचीले तपस्या गरेकी थिइन । यसै पवित्रघाटमा १२ वर्षे मकर मेला लाग्दछ, मेलाले पनौतीलाई सर्वत्र चिनाएको छ । रामायणकोअनुसार जनकपुर जनक राजाको दरबारमा सत्संग गर्न गएका वखत पाञ्चालदेशका राजाको मृत्यु भयो । तव राजा शिरध्वज जनकले आफ्ना भाई कुशध्वजलाई पाञ्चालको राज्य सञ्चालनमा सहयोग गर्न पठाएको पाइन्छ । पनौतीलाई पाञ्चाल देश भनी ग्रन्थहरूमा वर्णन छ । महाभारत नामक ग्रन्थका अनुसार पाँच पाण्डवहरू वनबासको क्रममा यस पवित्र क्षेत्रमा आइबसेको प्रसंगहरू पाइन्छ । महाभारतको विभिन्न पर्वमा उल्लेख केही घटनाहरू पनौती र यस वरपरको भागमा जीवन्त भेटिन्छ ।

प्राचीन वस्ती ब्रम्हपुर (बल्थली), व्यहावल(विहावर), नमोबुद्धको जन्मभूमी न्हुवहाल किसीटोल, प्राचीन बस्तीहरू, ललितकलाले यु क्त नेपालको प्राचीन र माध्यमिक कालको विभिन्न स्रोत सामग्रीले भरिपूर्ण यस क्षेत्रमा लिखित र अलिखित तन्त्र परम्परा जिउँदो अवस्थामा छ । जीवित संस्कृति र खुल्ला संग्रहालयको रूपमा रहेको पनौतीको अध्ययन अध्यापन जरुरी छ । यसलाई अनुसन्धानकर्ताको मूल थलोको रूपमा विकास गर्न सकिन्छ । विभिन्न पर्वतबाट हिमश्रृंखलाको दृश्यावलोकन, चामखर्क, लामाडोल, नागीडाँडाबाट सूर्योदय र सूर्यास्तको दृश्यावलोकन, नदीहरूको सौन्दर्यता अनि गल्हाहरूको आकर्षणले पर्यटकलाई लोभ्याइ रहन्छ । प्राकृतिक र सँस्कृतिक सम्पदाले भरिपूर्ण यस क्षेत्रमा आन्तरिक र बाह्य पर्यटक ल्याउन नगरपालिका, पर्यटन विकास समिति र विभिन्न संघ संस्थाहरू कृयाशिल रहिरहेकै पाइन्छ । पनौती क्षेत्रमा भएका गढी गौंडाहरू, चित्रकला, विहार, शहिदपार्क, विभिन्न पैदल मार्गहरू, क्रमिक विकास भैरहेको होटेल, रिसोर्ट र होमस्टेहरूले पर्यटन उद्योगमा टेवा पुऱ्याइ रहेका छन् । प्राचीन स्मारक संरक्षण ऐन २०१३ बमोजिम प्राचीन स्मारक क्षेत्रका रूपमा घोषित पनौतीलाई विश्व सम्पदा सूचीमा सूचिकृत गराउन विभिन्न पहलहरू भैरहेका छन् । साहसिक पर्यटन क्षेत्र गुर्दुम डाँडामा प्याराग्लाइडिङ जोन निर्माणका लागि कार्य अगाडि बढिरहेको छ । समग्रतामा भन्नुपर्दा पनौती सम्पदाले भरिपूर्ण हरियालीयुक्त खुल्ला संग्रहालय हो । परम्परागत ज्ञान, सिप, कला र आधुनिक ज्ञान, विज्ञान र प्रविधियुक्त शिक्षा फ्युजन गरी यसैको आडमा पर्यटन क्षेत्रको थप विकास गर्नु पर्दछ । यस कार्यले राष्ट्रिय आयमा टेवा पुऱ्याउन ठूलो मद्दत गर्दछ ।

## पनौती विकासको सम्भावनाहरू

ऐतिहासिक तथा धार्मिक सहरका अतिरिक्त प्रकृतिक सुन्दरतालेयुक्त पनौती सहरको विकासका सम्भावनालाई निम्न उपशिर्षकमा उल्लेख गर्दा उपयुक्त हुने देखिन्छ ।

### (क) जानकारीहरू

न्यूआर्ट सर्कलका उपाध्यक्ष श्री नरेश सैजुका अनुसार “प्रतिभा लक्षणले युक्त मूर्तिहरू, टुँडालहरूको अवस्थितिले ललितकलाको महत्व दर्शाएको पाइन्छ । काष्ठकला, शिल्पकला, प्रस्तरकला, वास्तुकला, धातुकलाको अनुपमताले पनौती शुभस्थलीको रूपमा परिचित छ । ऐतिहासिक मन्दिरहरूमा राखिएका टुँडालहरू ज्ञानवर्धक मात्र नभएर नयाँ पिंढिको लागि सिकाइ र आकर्षकको गन्तव्य सावित भएको छ ।

इन्द्रेश्वर मन्दिरको एक टुँडाल दश महाविद्या मध्येको एक धुमावतीको टुँडाल रहेको छ सो टुँडाल सञ्सारकै उत्कृष्ट काष्ठकलाको नमुनामा पर्दछ । साहित्यकार तथा खोजकर्ता लैनसिंह वाङ्देलले इन्द्रेश्वरको टुँडालको मुक्तकण्ठले प्रशंसा गर्दै न भूत न भविष्य यस्तो गौरवपूर्ण टुँडाल अब कसले बनाउन सक्ला ? भनेका थिए । कुषाणकालको झझल्को दिने सूर्यमूर्ति, लिच्छविकालिन नारी मूर्ति, पूर्णकदको तोलानारायणको मूर्ति प्रस्तरकलाको उदाहरणीय मूर्तिहरू हुन् । उन्मत्त भैरवको काष्ठमूर्ति, विभिन्न मन्दिरका तोरणहरू काष्ठकलाका निधि हुन । भक्तपुर सित मिल्दोजुल्दो ब्रम्हायणी मन्दिरको भित्तेचित्र, राणकालिन समयको त्रिवेणी घाट सत्तलको दश अवतारको चित्र, भद्रकालीको चन्द्रशमशेरकालिन चित्रहरू चित्रकला पारखीहरूको लागि चासो र अध्ययनका विषय हुन ।”

साहित्यकार श्री रामसुन्दर देउजाका अनुसार “शारदादेवी स्थानमा पृथ्वीनारायण शाहकालिन गढीहरू छन् । तीनवटा थुम्कोमा तीनवटा गढीहरू छन् । यि गढीको महत्वपूर्ण पक्ष इतिहाससित जोडिएको छ । यसको उचित संरक्षण समेत हुनुपर्दछ । यो क्षेत्र मनोरम दृश्यावलोकनको लागि समेत परिचित छ ।”

स्थानीय संस्कृतिविद् श्री शिवप्रसाद जंगमकाअनुसार “गोरखनाथ दलिनचोकमा पौराणीक गढी थियो । केही समय अघि सम्म गढीका भग्नावशेषहरू प्रष्ट देख्न सकिन्थ्यो । पृथ्वीनारायणको विजय अभियानमा यो स्थान कब्जामा पऱ्यो, तत्पश्चात् पनौतीले हाऱ्यो । उनलाई पनौती जित्न कठिन भइरहेको थियो । त्यसबेलादेखि यहाँ बस्नेतहरूलाई राखियो । दलिनचोकमा बस्नेत बस्ती अझ पनि देख्न सकिन्छ, गढी भने पूर्ण रूपमा नष्ट भयो ।”

साहित्यिक धावक तथा हिमाल आरोही श्री लक्ष्मण सापकोटाकाअनुसार “२७८५ मि. अग्लो फुल्चोकी पर्वत, २२४७ मि. अग्लो गुर्दुम डाँडा, २४०० मि. तिखाथुम, २२१५ मि. नागीडाँडा, १७८५ मि. शारदादेवी स्थान, १९०० मि. सल्लेनागी डाँडा, १९०० मि. अग्लो चामखर्क आदि पनौतीका महत्वपूर्ण पर्वत श्रृंखला हुन् । महाभारत पर्वत श्रृंखलाले कलाँती भूमिडाँडाको क्षेत्रबाट पनौतीलाई छोएको छ । यी प्रत्येक पर्वतमालाको उत्पत्तीका कथाहरू छन् । उक्त कथाहरूमा ऐतिहासिकता लुकेको छ । पर्खालचौर-मानेदोभान -लट्टा भञ्ज्याङ् हुँदै गोदावरी जाने पैदल मार्ग, पर्खालचौर-बुढापोखरी-रानीकोट हुँदै भक्तपुर सूर्यविनायक पुग्ने पैदल मार्ग, मानेश्वरी-ज्यालाचिटी-वासडोल हुँदै भैंसेपाटी साँगा भञ्ज्याङ् पुग्ने पैदल मार्ग, कुशादेवी चाम्लेबजार-कलाँती भूमीडाँडा हुँदै अमिलचौर ढुङखर्क जाने पैदल मार्ग आनन्द लिन चाहनेका लागि चल्तिका मार्ग हुन सक्छन् । पनौती-तालढुगा-हेटौडा सडक, पनौती-तालढुगा-कर्मैया बारा सडक, पर्खालचौर-रानीकोट-घ्याम्पेडाँडा-भक्तपुर सूर्यविनायक सडक, पनौती- ललितपुर ग्वार्को सडक मार्ग पनौतीको वैकल्पिक यातायात क्षेत्र हुन् । यि मार्गले विभिन्न जिल्लासित पनौतीलाई जोड्दछ । पर्यटन विकासमा यसले ठूलो टेवा पुऱ्याउँदछ ।”

स्थानिय समाजसेवी श्री अर्जुन सापकोटाकाअनुसार “प्राचीन विहावर क्षेत्र ऐतिहासिक स्थान हो । यक्ष मल्लको समयमा विहावरसम्म राज्यको सिमाना फैलिएको थियो । यस स्थानमा प्राचीन टेराकोटा माटाका भाँडाहरू भेटिएको थियो । पुरानो त्रिवेणी भएकोले पशुपति समेत बनाएका छौ । घ्याल्कु आशापुरीबाट आउने नदी र फुल्चोकीबाट आउने लिलावती नदीको दोभानमा घाट, काले साहुको पाटी समेत छ । यहाँ विद्यालय बनाउदा २० फिटसम्म खनीखोर्सी गरि सम्मो बनाउनु पऱ्यो । २० फिट तल पुराना भग्नावशेष, माटाका भाँडाकुडा, यज्ञकुण्ड समेत भेटियो । प्राचीन स्थान भएकोले थप खोज र अनससन्धान  यहाँ गरिनुपर्छ ।”

फोटो पत्रकार तथा सङ्कलक श्री प्रशान्त श्रेष्ठका अनुसार “पनौती क्षेत्रमा हाल सम्म ६५ वटा अभिलेख प्राप्त भएका छन् । ५३ वटा अभिलेख प्रकाशन भैसकेको र बाँकी प्रकाशोन्मुख रहेको छ । यी अभिलेखहरूले प्राचीन समय देखि वर्तमान सम्मको पनौतीको जिवन्तगाथा दर्शाउँछ । स्थानीय स्तरमा यसको पठनपाठन हुन जरुरी छ ।” स्थानीय समाजसेवी श्री सुवर्णमान गोछेंका अनुसार “मल्लकालिन समयको अन्न भण्डार भएको यो पनौती ललितादेवीको संरक्षकत्वमा बसालेको शहर हो । ललितादेवी को हुन् खोज्नु पर्ने हुन्छ । वर्तमान समयमा पनि संकटा नजिक पुग्दा दाफा टोलीले “जय जय हे ललितादेवी” भनि गाउँछन् । धार्मिक

सर्किट बनाई यस क्षेत्रको पूर्ण रूपमा विकास गर्न सकिन्छ । ६४ ज्योर्तिलिङ्गहरूले महत्वपूर्ण यस भूमीमा पुरानो समय देखि बस्तै आएको मानवजातीको समेत खोज गर्न सके आउने पिंढिलाई मद्दत पुग्दछ ।"

कृषि अभियन्ता श्री श्यामहरी महाजुका अनुसार "यो स्थान यमोरीको जन्म स्थान हो । मङ्सिर पूर्णिमा (धान्य पूर्णिमा) मा यमोरी बनाउने प्रचलन छ । ज्याः पुन्हि जात्रा अन्न विशेष जात्रा हो । रोशी नदी असला माछाले चिरपरिचित छ । आलु, दुग्ध पदार्थ, सुन्तला, धान प्रचुर मात्रामा हुन्छ । कृषि क्षेत्रको उचित र वैज्ञानिक तवरबाट उपयोग गर्न सके पनौतीले आफू पालिँदै अर्कालाई पनि पाल्दछ । यो कृषि र जैविक विविधताले भरिपूर्ण भूमी हो । तसर्थ कृषि क्षेत्रको विकास पनौतीको विकास हो ।"

कृषि अभियन्ता श्री निर्मल लामाका अनुसार "मानव विकासको शुरुवात नै कृषिवाट भएको हो । घुमन्ते युगमा पनौती उर्वरभूमी रहेछ । उर्वरताको कारण यहाँ सभ्यता विकास भयो, भत्कियो पुनः वन्यो यहाँको भु-बनावट, श्रोत सामग्रीले यहि बताउँछ यसको संरक्षण हुन जरुरी छ ।" सहकारी अभियन्ता श्री भिमसेन बस्नेतका अनुसार "पनौतीमा १४३ वटा सहकारी छन् । ती मध्ये केही सहकारी नेपाल भरी नै चिरपरिचित छन् । सहकारीको अध्ययन गर्न सहकारी अभियन्ताहरू प्रायजसो यहाँ आइरहन्छन् । सहकारीलाई उपभोक्ता मैत्री बनाउँदै सहकारी मार्फत् कृषि, पशुपालन, पर्यटन, प्रविधि आदीमा सृजनात्मक र व्यवसायीकरण गर्न स्थानीय सहकारी नीतिमा फेरबदल लेराउनु पर्दछ । उत्पादनमूलक र रोजगारीमूलक नीतिले मात्र विकासको ढोका खुल्दछ । विकासले कुल ग्राहस्थ उत्पादनमा टेवा पुऱ्याउँछ ।"

टपटेक नेपालका सञ्चालक श्री दिल बहादुर केसीका अनुसार "आजको समय सूचना प्रविधिको समय हो । ज्ञान, विज्ञान र प्रविधि वेगर मानव समाज चल्न सक्दैन । समयानुसार मानिस प्रविधिमैत्री हुन सक्नुपर्दछ । हाते मोवाइल र ल्यापटपबाट नै दुनियाँ गोजी गोजीमा कैद भैसकेको छ । पनौतीका नगरवासी मूख्यतः बालबालीका र युवालाई सचेतना पूर्वक सूचना प्रविधिको ज्ञान दिलाउन सक्नुपर्दछ । डिजिटल प्रणालीमा रूपान्तरित पनौतीले मात्र भविष्यको नेतृत्व गर्नसक्दछ । यो अभियानले नगरको मुहार फेर्दछ र नमूना नगर बन्दछ ।"

विद्यालय श्रोतव्यक्ति श्री महेश्वर जंगमकाअनुसार "बौद्धिक सम्मेलन, चिकित्सक सम्मेलन र साहित्यिक सम्मेलन जस्ता महत्वपूर्ण सम्मेलनहरू सम्पन्न गरिसकेको यस नगरमा भावि दिनहरूमा रचनात्मक र सृजनात्मक सम्मेलनहरू गरी पाठ सिक्नुपर्दछ । ३४ वटा सामुदायीक, २२ वटा संस्थागत विद्यालय, तीन वटा क्याम्पस, ३६ वटा बालविकास केन्द्र, दुईवटा गुरुकुल, पनौती प्राविधिक शिक्षालय यहाँ क्रियाशिल छन् । स्थानीय पाठ्यक्रम मार्फत् मौलिक र पहिचानजन्य ज्ञान प्रदान गरि नगरलाई ज्ञान भण्डारको केन्द्र बनाउन सकिन्छ ।"

सामाजिक अभियन्ता तथा सञ्चारकर्मी श्री रामकृष्ण बन्जाराकाअनुसार "पनौतीको सर्वाङ्गिण विकास गर्न पनौती र यस वरपरका क्षेत्रका जानिफकार व्यक्ति व्यक्तित्व, विषय विज्ञहरूको एक सल्लाहकार समिती बनाउनु पर्दछ । आवश्यकताअनुसार बृहत् वहस, अर्न्तकृया र गुरुयोजना बनाइ चल्नु पर्छ । देशका अमुक अमुक वीज्ञलाई पनि समेट्न सके थप सुन्दरता हुन्छ । "यो नगर हाम्रो नगर" भन्ने हुन्छ । यस कार्यलाई सञ्चारसित जोड्दै लान सके पनौती अनुसन्धानकर्ताको नजरमा पर्छ र थप खोज कार्य हुन्छ ।"

समाजसेवी तथा इन्द्रेश्वरका पुजारी श्री रमेश जङ्गमकाअनुसार "पनौती सम्पदा क्षेत्र हो । सम्पूर्ण सम्पदालाई धार्मिक सर्किट बनाइ परिचालित गर्न सक्नुपर्छ । जातजातीको फरक-फरक परम्परा, पुराना बाजा र गुठीहरूलाई सक्रिय बनाई आय आर्जनमा मौलिक ढंगबाट लगाउनु पर्छ । यो तपोभूमी, ज्ञानभूमि र सिद्धीभूमी भएकोले पौराणिक समयदेखी नै ऋषिमुनीहरू आउने गर्दथे । अन्यन्त्र नहुने पर्व जात्रा यस भूमीमा हुने हुनाले यसको आफ्नै विशेषता छ । ध्यान पुऱ्याउन नसक्दा कयौं पर्व लोप भैसकेको अवस्था छ ।"

संग्रहालयका सचिव राजेन्द्र महाजुकाअनुसार "पनौती सम्पदालाई पूर्ण रूपमा सफा सुन्दर बनाउदै पनौती संग्राहलयलाई थप विकास गर्न निरन्तर स्मारिका निकाल्नु पर्छ । संग्राहलयको रक्षा, प्रयोग र विकासमा

टेवा पुऱ्याउन सके पर्यटन विकासमा थप सहयोग पुग्दछ । पर्यटक खुसी हुनु भनेकै आर्थिक वृद्धि हुनु हो । उनीहरूको खुसीको लागि रैथाने र मौलिक कला प्रदर्शन, होमस्टे व्यवस्थापन, अर्गानिक र स्थानीय खानेकुराको प्रवर्द्धन गर्नु पर्छ । यो अनिवार्य भैसकेको छ ।"

स्थानीय समाजसेवी तथा सहकारी अभियन्ता श्री दिपक थापाकाअनुसार "खेलकुद र स्वास्थ्य जीवनको उपयोगि पक्ष हो । आकर्षक र मौलिक खेलकुदले पर्यटन उद्योगलाई जीवन्त राख्दछ । पर्यटकलाई भैपरि आउने स्वास्थ्य समस्याको लागि उपयुक्त विकल्पको रूपमा रैथाने वनस्पति र आर्युवेद, अकुपञ्चर तथा नेचरपेथिको व्यवस्थापन गर्न सके ढुक्कले सम्पदा घुम्न र रैथाने उपचार विधि सिक्न पर्यटक आउँदछन् । सुशासनयुक्त नगरले मात्र यि कार्य गर्न सक्दछ । ।"

**(ख) तथ्यहरू**

पनौती नगरपालिकामा पुरानो समय देखी नै गुरुकुल र विहार थिए । विहारमा शिक्षा लिन विभिन्न स्थानबाट बौद्ध भिक्षुहरू आउने गर्दथे । बलम्बु लगायत क्षेत्रबाट आयका भन्तेहरूले रातदिन नभनी बौद्धगृहस्थलाई न्हुवहालबाट उपदेश दिएको प्रशंग त्रिपिटकाचार्य डा.भिक्षु धर्मरक्षितले त्यो समयको नेपालमा उल्लेख गरेका छन् । १७ औं शताब्दी देखि नै नेपाल र फ्रान्स बिच सुमधुर सम्बन्ध स्थापित भयो । कयौं फ्रान्सेलीहरूले नेपालको अनुसन्धानात्मक कार्य गरे । सिल्भा लेभि, जेरार्ड तोफाँ, रोबर्ट ल फल, एरिक भ्याली लगायत २९ जनाले नेपालको खोज अध्ययन गर्ने शिलसिलामा पनौतीको पनि अध्ययन खोज र अन्वेषण गरे । "पनौती ब्रि फ्रँस" नामक संस्था खोले । 'ब्रि' भन्ने फ्रान्सको क्षेत्रलाई पनौती सित मित लगाई दिए । पनौतीको १३ वटा पाटी, ब्रम्हायणी, इन्द्रेश्वरको जीर्णोद्वार गरे । तत्कालीन समयमा १ करोड ५० लाख फ्रयाङ्क यस क्षेत्रमा खर्च गरेका थिए । फ्रान्समा मेयर रोबर्ट ल फलले एक गल्लीको नाम नै पनौती राखी पनौतीमा काम गरेको सम्झनालाई जीवन्त राख्ने कार्य गरेका थिए (सापकोटा, २०६८ : २) । यसरी पनौती विकासमा फ्रान्सले चासो देखाउदा यसको भविश्य निकै सकारात्मक भएको देखिन्छ ।

पनौती ऐतिहासिक एवं धार्मिक दृष्टिमा महत्वपूर्ण नगर हो । महाभारतको उत्तरी काखमा हरियाली पर्वतमालाले घेरिएको उपत्यका छ त्यहीं पुण्यवती र रोशीका बिचमा त्रिवेणी-संगमको पश्चिमपट्टि शङ्खाकार परेर पनौती बजार बसेको छ (कृष्ण प्रसाद पराजुलीः पूर्व एक नम्बर.पृ. ३१) । पनौती नगरमा थोरै घर भएको पुनर्जागरण पुस्तकालय र बुद्धस्तुपहरू भएको वर्णन पराजुलीले गर्नु भएको छ । पनौतीको सैरेन्द्री गुफामा भेटिएको मानव अवशेष, महाभारतको उत्तरी फेदीतिर काभ्रेपलाञ्चोकको बल्थलीमा भेटिएको अवशेषलाई महाभारत मानव भनि अनुमान गरिनुपर्ने हुन्छ (प्रधान, २०७८ : ४६) । बल्थलीमा भेटिएको JUNG GAUN पुरानो ढुङ्गे औजार हो । राष्ट्रिय अन्तराष्ट्रिय विभिन्न विद्वानहरू संलग्न भै पनौती क्षेत्रको प्राग इतिहासबारे खोज गरेका छन् ।

संवत् ५२० चैत्र कृष्ण पञ्चमीका दिन खोपासी मयलबोटमा शिवदेव-अंशुवर्माले सार्वजनिक कार्यहरू गरेकोमा खुसि भै कमेरो कर बाहेक सबै करहरू माफी गरि आफ्नो शासन आफै गर्नु भनी स्वशासनको अधिकार दिएको सनद र यस शिलालेखमा उजागार भएका शब्दहरूले तत्कालिन लिच्छविकालिन प्रशासन बुझ्न सहयोग गरेको छ । खोपासी तत्कालिन कुर्प्पासी अगाडि देखि नै मानववस्तीले सिञ्चित भएको भन्ने देखाउँछ । पनौती नगरको वरपर साँगा, नाला, वासडोल, बनेपा, धुलिखेल, भकुण्डेमा पनि लिच्छविकालिन शिलालेखहरू भेटिएका छन् । यि क्षेत्रहरूमा पुराना ढुङ्गेधारा, मूर्तिहरू, मुद्राहरू समेत पाइएका छन् । पनौती क्षेत्रमा लिच्छविकालिन, मल्लकालिन, शाहकालिन प्रस्तरकला, काष्ठकला र धातुकलाको सामग्री प्रशस्त पाइएका छन् साथै सोही कालक्रमका ईटा र मुद्राहरू पनि संग्रहित छन् । तसर्थ सात गाउँभित्र पर्ने पनौती र खोपासी क्षेत्र ऐतिहासिक, साँस्कृतिक रूपमा स्वनामधन्य छन् ।

ऐतिहासिक राजकुलो (देधः), पोखरी, भूमिगत जलभण्डार, नाभिमण्डल, हितिदुं र अथल, फिल्टर, हितिगाः, हितिमगः, हिति ध्वं, जंरु, इनार, घट्टको जिवन्तता पनौती क्षेत्रमा पाइन्छ । प्राचीन मकरधाराहरूले

शुभोसित पनौतीमा शुद्ध जल सेवनको वैज्ञानिक पद्धति प्राचीनकालदेखि नै थियो । लिच्छवि र मल्लकालमा यस पद्धतिको बढि उपयोग भएको पाइन्छ ।

भूपतिन्द्र मल्लले पनौतीको खोलाको दोभानमा क्वाँठ (किल्ला) निर्माण गरेका थिए । तत्कालिन समयमा स-साना शहरहरूमा विभिन्न राज्यहरूले आँखा गाडेर बसेका हुन्थे । त्यहाँ आफ्नो किल्ला बनाई राख्नसके अर्को राज्यले हेप्न सक्दैन वा खोस्न सक्दैन र आफ्नो सीमा विस्तार गर्न पाइन्छ तथा पुरुषार्थ देखाउन सकिन्छ भन्ने सोचले राजा भूपतिन्द्र मल्लले पनौतीमा क्वाँठ निर्माण गराएका थिए । पनौती क्षेत्र भक्तपुरकै राजाहरूले आफ्नो अधिनमा राख्दै आएका थिए (बज्राचार्य, २०७८ : ११) । यसरी मध्यकालमा पनौती पनि एक महत्वपूर्ण क्षेत्र भएकै कारण उपत्यकाका शासकहरूले यस क्षेत्रलाई आफ्नो नियन्त्रणमा लिन उत्साहित भएको देखिन्छ । राजा रणजित मल्लको समयको ब्रम्हायणी मन्दिरको अभिलेखमा पूजापाठका लागि भूमि व्यवस्था गरेको उल्लेख छ । प्रत्येक शनिवार मन्दिरमा हाँसको बलीसहित पूजापाठ गर्ने चलन आजसम्म पनि हटेको छैन । रणजित मल्लकी आमा विश्वलक्ष्मीले ने.सं. ८३६ मा ब्रम्हायणी मन्दिर निर्माण गरेको उल्लेख पाइन्छ । विश्व मल्लकी पत्नी गंगादेवीले पनि पनौतीमा आई अनेक पाटी, सत्तल तथा घाटहरू निर्माण गर्न लगाएकी थिइन् (पौडेल, २०७५ : ५) । यसरी मध्यकालमा पनौती क्षेत्र धार्मिक र संस्कृतिक केन्द्र बन्न पुगको थियो ।

सिंहदेवका माहिला छोरा आनन्ददेवले केन्द्रीय शासनलाई सुदृढ गर्न विभिन्न योजना र कार्यहरू गरेका थिए । ११औं शताब्दीमा उनले “त्रिपुर” राजकुल बनाई भक्तपुरलाई राजधानी बनाई शासन गरेका थिए । केही शताब्दीसम्म भक्तपुर उपत्यकाको राजधानीकै रूपमा रहेको थियो । भक्तपुर राजधानी कायम गर्नाका साथसाथै यस आसपासका बस्तीहरू साँगा, बनेपा, पनौती आदि सातगाउँमा उल्लेखनीय विकास कार्य गरेको चर्चा भाषावंशावलीमा उल्लेख गरेको पाइन्छ (बज्राचार्य, २०६४ : ५३) । भक्तपुरबाट पनौती क्षेत्र नजिक पनि पर्ने भएका कारण त्यतिबेला यसको महत्व निकै भढी थियो ।

मध्यकालका जयसिंहराम बर्धन नामका सामन्तले गरेका महत्वपूर्ण कार्यहरू मध्ये पशुपतिको जीर्णोद्वार पनि एक थियो । मुसलमानहरूको आक्रमणबाट तोडिएको ११ वर्षपछि जयसिंहरामले अघि सरि पशुपतिनाथलाई पुनः पूर्ववत् प्रतिष्ठापना गरेर राजा प्रजाको मन वश गरे । महाराज जयार्जुनदेव र महारानी शंकरदेवीको राज्यभिषेक जस्तै विधिविधान गरियो -पन्त, २०५० : ७०) । कर्मकाण्ड गराउने बर्धन खलककै कुलगुरु राजपुरोहित श्रीपतिआराध्य शर्माका नाति रयणपतिका छोरा थिए । उनीहरू पनौतीकै पण्डित ब्राह्मणहरू थिए (नेपाल, २०६२ : २३१) । यस अर्थमा मध्यकालमा पनौती क्षेत्रमा धेरै मठमन्दिर भएका कारण गुरु, पुरोहित पण्डितहरू त्यहाँ रहेको देखिन्छ ।

### (ग) परिणाम

आर्ष सभ्यतामा ओतप्रोत हुँदै वर्तमान समयमा पनि पनौती निरन्तर विकास भैरहेको छ । हिंड्दै छ पाइला मेट्दै छ भने जस्तो आज कयौं आर्ष पद्धति लोप हुँदै गइरहेको छ । जन्म पछि मृत्यु अनिवार्य छ । मृत्युसँगै सबै मेट्ने वा ज्ञान पुस्तान्तरण गरी जीवन्त राख्ने हाम्रो सामु गम्भिर प्रश्न छ । प्रकृती, संस्कृती र मानव बीच अन्योन्याश्रित सम्बन्ध छ । प्रकृती र संस्कृतीका केही अंश लोप भए मानवजातिलाई प्रत्यक्ष आघात पुग्दछ । प्राचीन लिपी अध्ययन परम्परा छुट्नाले क्रमशः इतिहास अपुरो बन्दै गइरहेको छ । इतिहास भनेको प्राचीन चरित्र संग्रह हो । लिखिततन्त्र परम्पराअन्तर्गतका शैवतन्त्र, शाक्ततन्त्र, वैष्णवतन्त्र, गाणपत्यतन्त्र, सौरतन्त्र, बौद्धतन्त्र र जैनतन्त्र मूलतः पनौती क्षेत्रमा जीवन्त रहेता पनि मूल सत्व र तत्व लोप भैसकेको छ । लोपोन्मुख वन्यजन्तु, लोपोन्मुख चराचुरुङ्गी, लोपोन्मुख वनस्पति जस्तै इतिहास, सँस्कृती, सम्पदा, आदिवासी आदि लोपोन्मुख नहुने परिपाटि कसरी बनाउन सकिन्छ ? के यहाँको गुरुकुल, विहार, गुम्बा र चर्चमा सभ्यता सिकाउन सकिन्छ ? पनौतीको वैभवलाई वर्तमान रोषीको असला माछा जस्तो हुन नदिन

तथ्यहरू र प्रमाणहरूको आधारमा परामर्शदात्री, वीज्ञहरूको सल्लाहमा दीर्घकालिन गुरुयोजना बनाइ तत्काल होमिनु पर्ने देखिन्छ ।

पनौती विकासको गुरुयोजना बनेमा निम्न कार्य हुनसक्ने देखिन्छ :

- भृकुटीको उचित मूल्याङ्कन र कदर स्वरूप उनलाई राष्ट्रिय विभूति बनाउन सकिन्छ ।
- सम्पदा वैभवको उपज पनौती विश्व सम्पदा सूचीमा सूचीकृत हुन सक्दछ ।
- भालपतन भएको भालेश्वर पनौतीकै हो, चन्द्रागिरिमा भनि छरिएको भ्रम चिर्दछ ।
- स्वनामधन्य व्यक्ति र कृति स्मरणमा खोज प्रतिष्ठानमार्फत ज्ञान पुस्तान्तरण गर्दछ ।
- अलिखित संविधानको रूपमा परिचित गोष्ठी परम्पराको मौलिक जागरण हुन्छ ।
- पनौती असला माछाको ख्यातीवाट पुनः चिनिन्छ ।
- कृषि, वन, पर्यटन उद्योगका माध्यमबाट आफ्नो क्रयशक्ति बढाउन सक्दछ ।
- दुषित राजनीतिबाट जोगिंदै भाइचाराको सम्बन्ध स्थापित गर्दछ ।
- मार्गदर्शक तथा गुरु नगरपालिका बन्न सक्दछ ।
- सूचना र प्रविधिको शहर, बस्न लाग्छ रहर भन्ने दिन आउछ ।

## निष्कर्ष

पनौती विकासको प्रचुर सम्भावना बोकेको ऐतिहासिक, सांस्कृतिक भूमी हो । राष्ट्रियस्तरमा ख्याती कमाएको ठूलो जनशक्ति पनौती नगरमा बस्दछ । ज्ञानले भरिएको घडा रूपी यो नगर बास्ना खोजिरहेको कस्तुरी जस्तो चालमा छ । कार्य आचार संहितासहित निर्माणमा लाग्न खास गाऱ्हो छैन । "आमूल परविर्तनको शुत्र ज्ञान नै हो मूल मन्त्र" भन्ने विचारमा आधारित यस सोचलाई सफलीभूत बनाउन परम्परागत ज्ञान, सिप, कला र आधुनिक ज्ञान, विज्ञान र प्रविधियुक्त शिक्षा फ्युजन गरी ज्ञान बिस्तार र फैलावट गर्न सके मौलिक पहिचानका कारण अपनत्वको भावनाले व्यापकता पाउदँछ । पर्यटनको गन्तव्य सूचीमा पर्दछ । यहाँको ज्ञान बजारिकरण हुन्छ । भूत पाठशाला हो, वर्तमान गोरेटो हो, भविष्य गन्तव्य हो । पनौती पाठशाला, गोरेटो र गन्तव्य तिन ओटै हो अर्थात् ज्ञानराशीहरूको पुञ्ज हो । दिग्दर्शन हो ।

## सन्दर्भ सामग्रीहरू सूची

जोशी, पद्मसुन्दर (ई.सं.२०२२). *हिति प्रणाली.* काठमाडौं : पब्लिकेसन नेपालय ।

धर्मरक्षित, त्रिपिटकाचार्य भिक्षु (२०७८). *त्यो समयको नेपाल.* काठमाडौं : इन्डिगो इन्क प्रा.लि. ।

नेपाल, ज्ञानमणि (२०६२). *नेपालको माध्यमिक कालको इतिहास.* काठमाडौं : मकालु प्रकाशन गृह ।

पन्त, महेशराज (प्रकाशन मिति). अर्जुनदेवको शासनको विषयमा. *पूर्णिमा.* ८६ पूर्णाङ्क., काठमाडौं : संसोधन मण्डल. पृ. ७० ।

पराजुली, कृष्णप्रसाद (२०२२). *पूर्व एक नम्बर.* काभ्रे : प्रकाशन समिति, पूर्व एक नम्बर ।

पौडेल, ज्योति (२०७५). *पनौती ऐतिहासिक अध्ययन.* पद्मकन्या बहुमुखी क्याम्पसमा प्रस्तुत अप्रकाशित स्थलगत अध्ययन प्रीतवेदन. पृ. ५ ।

प्रधान, केदारनाथ (२०७८). *नवीनदृष्टिमा प्राचीन नेपालको इतिहास.* काठमाडौं : ओरिएन्टल प्रकाशन गृह ।

बज्राचार्य, चुन्दा (११४२ ने.सं.). *पनातिया ख्वहो क्वाठया धरोत.* ख्वप : न्यू विद्या प्रिण्टिङ्ग प्रेस.।

बज्राचार्य, धनबज्र (२०६४). *गोपालराज वंशावलीको ऐतिहासिक विवेचना,* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

बज्राचार्य, धनबज्र (२०३०). *लिच्छविकालका अभिलेख.* काठमाडौं : नेपाल र एशियाली अनुसन्धान केन्द्र ।

योगि, नरहरीनाथ (५०५७ कलिसंवत्). *हिमवत्खण्ड.* वाराणासी : श्रीराम प्रेस ।

राज, योगे (११२० ने.सं.). *पन्तिया अभिलेख.* काभ्रेपलाञ्चोक : नसंचा पुचः।

शर्मा, जनकलाल (२०३९) *हाम्रो समाज : एक अध्ययन.* ललितपुर : साझा प्रकाशन ।

सापकोटा, ददि (अनु.) (२०६८). *त्यो नेपाल.* ललितपुर : जगदम्बा प्रकाश ।

हाम्रो पनौती (२०७८). *स्थानीय पाठ्यक्रम.* पनौती नगरपालिका ।